पैयूं गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

प.सं : ०७६/७७
चलानी नं. :

मितिः २०७६/०९/०८

सूचना! सूचना!! सूचना!!!

नेपाल सरकारको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (**SuTRA**) मा समस्या आई सम्पूर्ण विवरणहरु नस्ट हुन गएकाले सम्पूर्ण तथ्यांकहरु पुःन प्रविस्टी गर्नुपर्ने भएको हुँदा यस गाउँपालिकाबाट हुने सबै किसिमका भुक्तानीहरु अर्को सूचना जारी नभएसम्मका लागी रोकिएको व्यहोरा अनुरोध छ । साथै यसबाट सेवाग्राहीमा पर्न गएको असुविधा प्रति क्षमा प्राथी छौं ।

२०७६/०९/०८

सरोज पराजुली
नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office
(प्रणाली विकास अभिलेख तथा समन्वय शाखा)

पत्र संख्याः २०७६/७७ मितिः २०७६।०९।०४
चलानी नं.: १८

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

श्री सबै स्थानीय तहहरु,

**विषयः SuTRA System संचालन सम्बन्धमा ।**

स्थानीय तहहरुबाट बजेटिङ तथा लेखांकन कार्यका लागी प्रयोग गरिदै आएको सुत्र सफ्टवेयरमा प्रविष्टि गरिएका केहि तथ्यांक तथा डाटाहरु प्राविधिक कारणवश नोक्सान हुन गएको छ । यस कार्यालयको अथक प्रयास पछि सुत्र सिष्टम तथा २०७६/०८/११ सम्मको डाटा Recover गर्न सकिएता पनि त्यस पछिको डाटा भने प्राप्त गर्न नसकिएकोले सुत्रको प्रयोगकर्ताहरुले सुत्र सिष्टममा उक्त मिति पछि प्रविष्ट गरिएका भौचर तथा बजेट सम्बन्धि तथ्यांकहरु पुन प्रविष्ट गरिसकेपछि मात्र नयाँ भौचर सुत्र सफ्टवेयरबाट तयार गर्नु हुन मिति २०७६/०९/०४ गतेको निर्णयानुसार अनुरोध गरिन्छ ।यसबाट यसका प्रयोगकर्ताहरुलाइ पर्न गएको असुविधा प्रति यस कार्यालय क्षमा प्रार्थी छ ।

कृष्णराज पौडेल
लेखा अधिकृत